# विष्णुपुर गाउँपालिका
Bishnupur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipality Executive
विष्णुपुर, सप्तरी
Bishnupur, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र सख्या (Letter No): २०८२/२०८३
चलानी न. (Ref No):

मिति :- २०८२/०९/२१ गते

## कर्मचारी आवश्यकता सम्बन्धि सुचना !!!

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२१ गते

प्रस्तुत विषयमा संघिय शसर्त अनुदान अन्तर्गत 'म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम संचालन गर्न यस गाउँपालिकामा जनस्वास्थ्य अधिकृत करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको पदमा करार सेवामा रही कामकाज गर्न इच्छुक निम्नानुसारको योग्यता पुगेका नेपाली नागरिकहरुवाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका बिवरणहरु र राजश्व तिरेको सक्कल वैंक भौचर सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

तपसिल

| क्र.स. | विज्ञापन न. | पद, तह | सेवा / समुह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | आवेदन शुल्क रु. |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | जनस्वास्थ्यअधिकृत, अधिकृत सातौं | नेपाल स्वास्थ्य, हे.ई. | १ | मान्यता प्राप्त शैक्षिक संस्थावाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तहको योगता हासिल गरि NHPC मा दर्ता वा नविकरण भएको । | १,०००/- |

१) उम्मेदवारको उमेरको हद: दरखास्त वुझाउने अन्तिम मिति सम्म पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
२) आवश्यक कागजातहरुः व्यक्तिगत निबेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि अनुभव भए सो सम्वन्धि प्रमाण पत्रको प्रतिलिपि, राजश्व तिरेको सक्कल वैंक भौचर र २ प्रति पासपोर्ट साईजको फोटो ।
३) सेवा सुविधा र सेवा अवधि : करार सम्झौतामा उल्लेख भए बमोजिम ।
४) दरखास्त पेश गर्ने अवधि : सुचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र (तर दर खास्तको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्टलाई अन्तिम दिन मानिनेछ ।
५) परीक्षाको किसिम : सूचीकरण, लिखित तथा अन्तरवार्ता ।
६) दरखास्त पेश गर्ने स्थान : विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी ।
७) परिक्षा मितिः परिक्षा मिति पछि प्रकाशन गरिने छ ।
८) उम्मेदबार भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको ।
९) विष्णुपुर गाउपलिकको आन्तरिक राजश्व खाता न. २०३०२४७२०५६०००००६ कुमारी वैंक लि. विष्णुपुर शाखामा राजश्व जम्मा गरेको सक्कल भौचर ।

नोट :- थप जानकारीको लागि विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा वा स्वास्थ्य शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

उज्जवल आनन्द
प्रमुख प्रशासकीय अधिकृत

Website: bishnupurmunsaptari.gov.np Email:bishnupursaptari@gmail.com